कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
आर्थिक विकास शाखा

Google Plus Code
6M2Q+5V7 Kohalpur

प.सं.: २०७९/०८०
च.नं.:

## अटो तथा विद्युतीय रिक्सा र म्यानुअल रिक्सा दर्ता गर्ने सम्बन्धी एक्काइस दिने सूचना ।।।

## सूचना प्रकाशन मितिः २०८०/०२/१४

यस कोहलपुर नगरपालिका भित्र संचालन हुने विद्युतीय रिक्सा, अटो, म्यानुअल रिक्सा तथा पेट्रोलियम पदार्थबाट चल्ने तिन पाङ्ग्रे टेम्पुहरुलाई व्यवस्थापन गरी नगरको ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापन तथा यात्रु, सवारी चालक र सवारी धनी समेतको हित प्रवर्द्धन गर्न स्थानिय यातायातलाई सुरक्षित, भरपर्दो बनाउन र सो को नियमन गर्न आवश्यक भएकोले कोहलपुर नगरपालिकाले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को उपदफा २(ट) खण्ड ४ को अधिकार कार्यान्वन गर्न मिति २०७९/०७/२७ गते राजपत्रमा प्रकाशित गरी **अटो तथा विद्युतीय रिक्सा संचालन, व्यवस्थापन तथा नियमन सम्वन्धी कार्यविधि, २०७९** जारी गरेको छ । उक्त कार्यविधिको दफा ६को उपदफा २(ख) बमोजिम कोहलपुर नगरपालिकाको मिति २०८०/०२/१२ गतेका दिन बसेको कार्यपालिका बैठकबाट अटो तथा विद्युतीय रिक्सा र म्यानुअल रिक्सा दर्ता गर्ने सम्बन्धी एक्काइस दिने सुचना प्रकाशन गर्ने निर्णय भएकोले देहाय अनुसारको प्राथमिकताका आधारमा अटो तथा विद्युतीय रिक्सा र म्यानुअल रिक्सा दर्ता गर्न आउने बारेको यो सूचना सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

तपशिल

१.कोहलपुर नगरपालिकाको स्थानीय वासिन्दालाई प्राथमिकता दिइनेछ।
२.महिलाद्बारा संचालित अटो तथा विद्युतिय रिक्सा र म्यानुअल रिक्सा दर्ता गर्न प्राथमिकता दिइनेछ ।
३.नेपाली नागरिक हुनुपर्नेछ ।
४.बाँके जिल्लाका बासिन्दा र छिमेकी पालिका(बैजनाथ,राप्ती सोनारी र जानकी गा.पा.)लाई बासिन्दा हुनपर्नेछ ।
५.अन्य जिल्लाबाट नागरिकता प्राप्त गरेका कोहलपुर नगरपालिकामा अस्थायी वसोवास गरेका नागरिकको हकमा वडाको सिफारिस हुनुपर्नेछ ।

(टिकाराम ढकाल)
प्रमुख प्रशासकीय अधिकृत

info@kohalpurmun.gov.np, economic.socio@kohalpurmun.gov.np +९७७-०८१-५४०००१
www.kohalpurmun.gov.np www.facebook.com/kohalpurmun www.twitter.com/kohalpurmun